# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, असार २५ गते, २०७६ साल (संख्या १५

# भाग ५

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना १

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ६९, सङ्ख्या ११, मिति २०७६।०३।०२ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना १ मा प्रकाशित आदेशको प्रकरण ६ को खण्ड (ख) मा रहेका "पचहत्तर प्रतिशत" भन्ने शब्दहरूको सट्टा "साठी प्रतिशत" भन्ने शब्दहरू राखेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले खण्ड ६९, सङ्ख्या ११, मिति २०७६।०३।०२ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस

मन्त्रालयको सूचना २ को प्रकरण ११ पछि देहायको प्रकरण १२ थपेकोले यो सूचना प्रकाशन गरिएको छ :-

"१२. यो सूचना लागू हुनु भन्दा पूर्व प्रतितपत्र लगायतका बैङ्किक प्रकिया पूरा गरी निकासी वा पैठारीको प्रक्रियामा रहेका माल वस्तुको हकमा यो सूचना बमोजिमको प्रतिबन्ध लागू हुने छैन ।"

**आज्ञाले,**
**यामकुमारी खतिवडा**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।–
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार